# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## प्रशासन निर्देशनालय

जनसाधन विभाग

## सुशासन व्यवस्थापन महाशाखा

प. सं.: २०८२/०८३(सु.व्य.म.)
च.नं.: ६९६

मितिः२०८३।०३।२५

श्री अर्थ निर्देशनालय, ने.वि.प्रा.।
श्री आयोजना व्यवस्थापन निर्देशनालय, ने.वि.प्रा.।
श्री ईञ्जिनियरिङ्ग सेवा निर्देशनालय, ने.वि.प्रा.।
श्री उत्पादन निर्देशनालय, ने.वि.प्रा.।
श्री प्रशारण निर्देशनालय, ने.वि.प्रा.।
श्री प्रशासन निर्देशनालय, ने.वि.प्रा. ।
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय, ने.वि.प्रा.।
श्री योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय ने.वि.प्रा.।
श्री ब्यवसाय विकास निर्देशनालय, ने.वि.प्रा.।
श्री कार्यकारी निर्देशकको सचिवालय, ने.वि.प्रा.।
श्री आन्तरिक लेखा परिक्षण विभाग, ने.वि.प्रा.।

| व्यवसाय विकास निर्देशनालय | |
|---|---|
| दर्ता नं. २३८४ | मिति ८३।०३।२५ |
| १. श्री वि.व्या.वि. | २. श्री उ.द.त.चु.नि.वि. |
| ३. क.व्या.म. | ४. व्या.प्र.म. |
| ५. प्रशासन | |
| फाइल | छलफल |

विषयः आ.व. २०८२/ ०८३ को सम्पत्ति विवरण सम्वन्धमा ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क (१) र नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा शर्त, विनियमावली २०७५ (संशोधन सहित) को विनियम १४१ बमोजिम नेपाल विद्युत प्राधिकरणमा कार्यरत कर्मचारीहरुले पेश गर्नु पर्ने आ.व. २०८२/०८३ को सम्पत्ति विवरण दर्ता गर्ने कार्य २०८३/०४/०१ देखि ६० दिन (मिति २०८२।०५।२८ गते सम्म) भित्र नेपाल विद्युत प्राधिकरणमा कार्यरत सम्पूर्ण कर्मचारीहरु (करार र म्यादि समेत) बाट आ-आफ्नो सम्पत्ति विवरण (खाममा निर्धारित विवरण उल्लेख गरी) भरी खामबन्दी गरी अनिवार्य रुपमा यस महाशाखामा दर्ता गर्ने/गराउने ब्यवस्थाको लागि अनुरोध छ।

..............................
(नारायण प्रसाद आचार्य)
सह निर्देशक

बोधार्थः
श्री सूचना प्रविधि विभाग, ने.वि.प्रा. – संलग्न सूचना वेवसाइटमा अपलोड गरिदिनुहुन अनुरोध छ ।

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं ।   फोन नं. ०१-४१५३०१९   Email: disciplinary@nea.org.np

नेपाल विद्युत प्राधिकरण

आ.व.२०८२/८३ को सम्पत्ति विवरण बुझाउने अत्यन्त जरुरी सूचना।

सूचना प्रकाशित मिति २०८३/०३/२५

भ्रष्टाचार निवार ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) र नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधन सहित) को विनियम १४१ मा व्यवस्था भए बमोजिम प्रत्येक कर्मचारीले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफनो सम्पत्ति विवरण बुझाउन पर्ने कानूनी व्यवस्था रहेको छ। आ.व.२०८२/८३ को सम्पत्ति विवरण नेपाल राजपत्र भाग १ खण्ड ६० संख्या १ मिति २०६७ बैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फारम भरी ४x९ ईन्चको खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी २०८३ भाद्र २८ गते भित्र अनिवार्य रुपमा कार्यरत कार्यालय मार्फत वा सिधै सुशासन व्यवस्थापन महाशाखामा दर्ता हुने गरी पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

आ.व. २०८२/८३ को सम्पत्ति विवरण बुझाउने खाममा लेख्ने विवरणको ढाँचा

| | |
|---|---|
| कर्मचारीको संकेत नम्बर: | सेवा: |
| नाम थर: | समूह/उपसमूह: |
| पद: | कार्यरत कार्यालय: |
| तह: | मोबाइल नम्बर: |
| ईमेल ठेगाना: | |

१. दर्ता प्रकृया मितव्ययी र सुरक्षित बनाउन आफनो कार्यालयमा कार्यरत सम्पूर्ण स्थायी/करार/म्यादी र प्रधान कार्यालयबाट नियुक्त ज्यालादारी कर्मचारीहरुको सम्पत्ति विवरण गोप्य खामहरु संकलन गरी २०८३ भाद्र २८ गतेभित्र नामावली सहित सुशासन व्यवस्थापन महाशाखामा उपलब्ध गराईदिनु हुन सम्पूर्ण कर्मचारीहरुलाई अनुरोध छ।

२. अन्तिम समयमा विवरण पेश गर्ने प्रचलन रहँदा सफटवेयरमा प्राविधिक कठिनाई उत्पन्न भई समस्या पर्न सक्ने हुँदा अन्तिम मिति अगावै सम्पत्ति विवरण सुशासन व्यवस्थापन महाशाखामा दर्ता गराउन सबैमा अनुरोध छ।

३. हुलाक/कुरियर वा अन्य निकाय मार्फत प्राप्त हुने सम्पत्ति विवरणहरु तोकिएको म्यादभित्र यस महाशाखामा प्राप्त भएको सम्पत्ति विवरण मात्र दर्ता गरी अभिलेख राखिनेछ। तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन। कार्यरत कार्यालयमा विवरण बुझाउने कर्मचारीले आफनो विवरण यस महाशाखामा प्राप्त भए/नभएको यकिन गर्नुहुन समेत जानकारी गराईन्छ। यस महाशाखामा विवरण प्राप्त भएको भरपाई/निस्सा सम्बन्धित व्यक्तिको मोबाइलमा मेसेज आउने व्यवस्था मिलाइएकोले अनिवार्य रुपमा मोबाईल नं. उल्लेख गर्नुपर्नेछ।

४. कारणवस सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सम्पत्ति विवरण बुझाउने प्रयोजनको लागि मात्र सोही दिन बिहान ०९:०० देखि १७:०० बजेसम्म महाशाखामा खुल्ला रहने छ। तर अन्तिम दिन विदा पर्न गएकै कारण भोलिपल्ट दर्ता हुने छैन।

५. सम्पत्ति विवरण फाराम नेपाल विद्युत प्राधिकरणको वेभसाइट www.nea.org.np बाट प्राप्त गर्न सकिने छ। सम्पत्ति विवरण पेश गर्ने दायित्व सम्बन्धित कर्मचारीको भएकोले खाम बाहिर विवरण नभरेको वा गलत विवरण भरेको वा म्याद गुजारी सम्पत्ति विवरण दर्ता हुन नसकेमा त्यसबाट हुने जरिवाना लगायतका विषयमा सम्बन्धित कर्मचारी नै जिम्मेवार हुनेछ।

६. अध्ययन, असाधारण र अन्य विदा, तालिम, काज, निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवार ऐन, २०५९ को दफा ५० को उपदफा (१) बमोजिम आर्थिक बर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्ने छ।

७. तोकिएको म्याद भित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकलाई रु. १०,०००।०० (दश हजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ।